बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड १ बर्ष८ अंक २९ मिति : माघ २९ गते २०८०

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको ऐन, कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# भाग -२

# विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण कार्यविधि,२०८०

**नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।१०।२५**

## प्रस्तावना:

बुद्धभूमि नगरपालिका क्षेत्र भित्र प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा १२ सम्मको विद्यालय शिक्षालाई गणुस्तरीय र समयानुकुल बनाउन दुई वा दुई भन्दा बढी विद्यालयहरुलाई एउटा विद्यालयमा गाभी विद्यालय समायोजन र विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न रदरवन्दी मिलान सम्बन्धी कार्यलाई व्यवस्थित रुपममा अगाडि बढाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) (१) को (ज) को बुदा नं. ११ र १२ मा भएको व्यवस्था तथा बुद्धभूमि नगरपालिकाको शिक्षा ऐन२०७६ को दफा ९ र २४ लाई कार्यान्वयन गर्न उक्त ऐनको दफा ६४ बमोजिमबुद्धभूमि नगर कार्यपालिकालेविद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण कार्यविधि निर्माण गरेको छ।

### परिच्छेद – १

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस कार्यविधिको नाम **"विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण कार्यविधि २०८०"** रहेको छ।

(ख) यो कार्यविधिबुद्धभूमि नगरपालिका अन्त्रतगतका सम्पूर्ण सामुदायिक र संस्थागत गरी दुवै प्रकारका विद्यालयको हकमा लागु हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क)“मन्त्रालय” भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ख) "नगरपालिका" भन्नाले बुद्धभूमि नगरपालिकालाई सम्झनु पर्छ।

(ग) “ऐन” भन्नाले शिक्षा ऐन२०२८ सम्झनु पर्छ।

(घ) “नियमावली” भन्नाले शिक्षा नियमावली २०५९ सम्झनु पर्छ।

(ङ) “नगर शिक्षा ऐन” भन्नाले बुद्धभूमि नगरपालिकाको शिक्षा ऐन२०७६ सम्झनु पर्छ।

(च) "नगर शिक्षा समिति" भन्नाले बुद्धभुमि नगरपालिकाको शिक्षा ऐन २०७६ को दफा १०

बमोजिमको समिति सम्झनु पर्छ ।

(छ) “वडा शिक्षा समिति"भन्नाले बुद्धभूमि नगरपालिकाको शिक्षा ऐन २०७६ को दफा १२ वमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(ज) "दरबन्दी मिलान"भन्नाले विद्यार्थी संख्या कम भई विद्यालय समायोजनभएका वा हुने, शिक्षक विद्यार्थी अनुपातमाशिक्षक दरवन्दी कम वा वढी भएका वा कुनै प्रकारको दरवन्दी नभएका विद्यालयहरुमा उपलब्ध दरवन्दी का आधारमा कार्यविधि बमोजिम शिक्षक दरवन्दी व्यवस्थापन गर्ने कार्यलाई सम्झनु पर्छ ।

झ) पुनर्वितरण भन्नाले: नगरपालिका अन्तरगत सञ्चालित विद्यालयमा रहेका स्थायी दरवन्दीबाट तोकिएको तहमा स्थायी दरवन्दी नभइ सञ्चालित विद्यालयहरुमा तोकिएको माथिल्लो तहमा कम्तिमा १ जना सम्वन्धित तहको स्थायी शिक्षक रहने गरी दरवन्दी मिलान गर्ने प्रक्रियालाई जनाउने छ ।

(झ) “विद्यालय समायोजन” भन्नाले भौगोलिक दूरिका कारण शिक्षामा बालबालिकाको पहुँच कम हुन नदिई प्रत्येक व्यक्तिले प्रचलित कानून बमोजिम अनिवार्य तथा नि:शुल्क शिक्षा पाउने हकको संरक्षणलाई सुनिश्चितता गरी दुई वा दुई भन्दा वढी विद्यालयहरु एक आपसमा गाभ्ने वा एक आपसमा गाभी नयाँ विद्यालय स्थापना गर्ने वा विद्यालयको तह वा कक्षा घटाउने/बढाउने वा विद्यालय बन्द गर्ने समेतका कार्य सम्झनु पर्छ ।

## परिच्छेद २

## विद्यालय समायोजन, दरवन्दी मिलान तथा पुनर्वितरण सम्बन्धी व्यवस्था

**३) विद्यालय समायोजन, दरवन्दी मिलान तथा पुनर्वितरण समिति:**

१) विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्यलाई प्रभावकारी बनाउन तथ्याङ्क संकलन, टेवुलेशन, विश्लेषण गरी कार्य सम्पन्न गर्न नगरशिक्षा समिति सहित तपसिलको कार्यदलको गठन गर्ने ।
तपसिल

क) नगरशिक्षा समिति

ख) नगर उप प्रमुख

ख) शिक्षकका पेशागत संगठनका प्रमुख वा प्रतिनिधि मध्येबढीमा ३ जना

**(४) विद्यालय समायोजन, कक्षा तथा तह थप/घटका आधारहरु:** (१) ऐनको दफा ६३ को उपदफा ७ र स्थानीय सरकार सन्चालन ऐन २०७४ले दिएको अधिकार प्रयोग गरी नगर शिक्षा समितिले दुई वा

दुई भन्दा वढी सामुदायिक विद्यालयहरुलाई गाभी एउटा विद्यालयमा कायम गर्ने वा स्थान परिवर्तन गर्ने वा तह तथा कक्षा थप्न/घटाउन देहायको आधारमा गर्न सकिने छ।

(क) दुई वा सोभन्दा वढी विद्यालयको परिसर एक आपसिमा जोडिएको।

(ख) दुई वा सोभन्दा बढी विद्यालय बीचको पैदल दूरी ३० मिनेट भन्दा कम रहेको।

(ग) कुनै विद्यालयमा (प्राविधिक धार बाहेक) देहायको विद्यार्थी संख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी पुग्ने पर्याप्त आधार नदेखिएमा

| क्र.सं. | कक्षा | न्यूनतम विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|
| १ | वालविकास केन्द्र | १५ | |
| २ | १ —३ | ६० | |
| ३ | १ —५ | १०० | |
| ४ | ६ —८ | ६० | |
| ५ | ९ —१० | ४० | |
| ६ | ११ —१२ | ४० | |

तर भौगोलिक विकटताको कारण र नजिकको विद्यालय पुग्न आधा घन्टा भन्दा बढी पैदल दुरी लाग्ने अवस्थामा न्यूनतम विद्यार्थी संख्या नभएपनि गाभ्न वाध्य पारीने छैन। यो नियम आधारभूत तहलाई मात्र लागु हुने छ।

घ) नजिकको दूरीमा रहेका र आपसमा गाभिएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहेमा दुई वा सो भन्दा वढी विद्यालय।

ङ) जनसंख्या वृद्धि दर कम भएको, घटदो क्रममा रहेको र भविष्यमा पनि जनसंख्या नवढने सम्भावना देखिएको समुदायमा स्थापना भएका दुई वा सो भन्दा वढी विद्यालयहरु।

(च) दुई वा दुई भन्दा वढी विद्यालय गाभी नयाँ विद्यालय स्थापना गर्न, ठाउँ परिवर्तन गर्न वा तह तथा कक्षा घटाउनका लागि सम्बन्धित विद्यालय, वडा शिक्षा समिति र विद्यालय समायोजन तथा दरवन्दी मिलान समितिको रायमा नगरपालिकाले तोकिएको स्थानमा विद्यालय स्थापना वा कक्षा तथा तह थप्ने वा घटाउने कार्य गर्ने छ।

(छ) विद्यालय गाभिए पछि कायम भएको विद्यालयको नाममा गाभिने विद्यालयहरुको सवै चल अचल सम्पत्ति दाखिल खारेज गरी नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्नका लागि नगर शिक्षा समितिको सिफारीसमा मालपोत कार्यालयमा पठाउनु पर्ने छ।

ज) खण्ड (छ) वमोजिम सम्पत्ति दाखिला खारेज भएको व्यहोराको जानकारी नगरपालिकाले मन्त्रालय र शिक्षा तथा मानवस्रोत विकास केन्द्र समेतलाई जानकारी दिनु पर्नेछ।

(झ) एक भन्दा बढी वालविकास केन्द्र भएका विद्यालय र हाल समुदायमा संचालनमा रहेका कनिष्ठ

वालविकास केन्द्र नजिकको वालविकास केन्द्र नभएको विद्यालयमा नगर शिक्षा समितिद्धारा गाभ्नको लागि सिफारीस गरिनेछ। गाभिएको वालविकास केन्दमा काम गर्ने सहयोगी कार्यकर्ता स्वत समायोजन हुने गरी व्यवस्थापन गरिने छ।

(ञ) नगरपालिका भित्र सञ्चालित दुई वा दुई भन्दा बढी संस्थागत विद्यालयहरुले विद्यालय गाभ्नका लागि विद्यालय व्यवस्थापन समितिको सिफारीस सहित माग भै आएमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयहरुलाइ गाभ्न सक्ने छ।

(ट) उपदफा (ञ) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका भित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले नगरशिक्षा ऐनले निर्धारण गरेका न्यूततम पूर्वाधार पूरा नगरेमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयहरुको स्थलगत अनुगमन गरी नियमानुसार न्यूनतम पूर्वाधार भएको नपाएमा विद्यालय संचालकको राय लिइ गाभ्न वा वन्द गर्न सक्नेछ।

(ठ) संस्थागत विद्यालयहरुले साविकको जिल्ला शिक्षा वा नगरपालिकावाट प्राप्त अनुमति अनुसारको तह वा कक्षा संचालन गरेको नपाइएमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयको संचालनमा नआएको तह वा कक्षा घटाउन सक्ने छ।

## ५) दरवन्दी मिलानका आधारहरु:

i. शैक्षिक सत्र २०८० को IEMIS को विद्यार्थी सङ्ख्या र स्थलगत अनुगमनमा प्राप्त विद्यार्थी सङ्ख्या जोडी सो को औषत अङ्कको आधारमाकक्षागत विद्यार्थी विवरण तयार गरी उक्त तथ्याङ्कलाई दरवन्दी मिलानमा प्रयोग गर्ने।

ii. विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरतअस्थायी/करार सट्टा शिक्षक, राहत अनुदान र स्थायी शिक्षकको संख्यात्मक विवरण तयार गर्ने।काजमा कार्यरत भएको शिक्षकलाई जुन विद्यालयबाट तलब भत्ता पाउँछन् सोही बिद्यालयको शिक्षकमा गणना गर्ने।

iii. कटौती हुने सबै प्रकारका शिक्षक दरवन्दीलाई नगरपालिकाको पुल दरवन्दी कायम गर्ने।

iv. समायोजन नहुने तर शुन्य दरवन्दी भएका विद्यालयलाई दरवन्दी मिलान गर्दा प्राथमिकताका साथ दरवन्दी थप गर्ने।

v. वार्षिक एकमुष्ट अनुदान प्राप्त गर्ने विद्यालय र परम्परागत विद्यालयहरुमा दरवन्दी थप नहुने।

नगर शिक्षा समितिले वाल कक्षा देखि कक्षा ५ सम्म संचालन भएका विद्यालयमा न्यूनतम रुपमा तोकिएको विद्यार्थी संख्या भएको विद्यालयमा प्रति कक्षा एक जना शिक्षक रहने गरी र माथिल्लो कक्षाहरुमा विषयगत रुपमा शिक्षक व्यवस्थापन गर्ने कार्यलाई अगाडी वढाउने छ। शिक्षक विद्यार्थी अनुपातमाविद्यार्थी सङ्ख्या कम भएका विद्यालयका शिक्षकहरुलाई दरवन्दी कम भएका वा कुनै

प्रकारको दरवन्दी नभएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्न दरवन्दी मिलानका देहायका आधारहरु लिइनेछ।

क) दुई वा सो भन्दा वढी विद्यालयहरु गाभिएमा।

ख) शिक्षक विद्यार्थी अनुपात तपसिलको भन्दा कम भएमा।

| क्र.सं. | कक्षा | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|---|
| १ | वालविकास केन्द्र | १५ | १:१५ | |
| २ | १ —३ | ६० | १:२० | |
| ३ | १ —५ | १०० | १:२० | |
| ४ | ६ —८ | ६० | १:२० | अनिवार्य विषयको |
| ५ | ९ —१० | ४० | १:२० | अनिवार्य विषयको |
| ६ | ११ —१२ | ४० | १:२० | अनिवार्य विषयको |

ग ) दफा ५ (ख) मा उल्लेखित न्यूनतम शिक्षक विद्यार्थी अनुपात भन्दा बढी शिक्षक दरबन्दी भएका तहगत वा विषयगत रुपमा बढी हुने दरबन्दी(प्राविधिक धार बाहेक) शिक्षकको नियुक्तिको कनिष्टताका आधारमा क्रमश रिक्त, राहत अनुदान, अस्थायी/करार, सट्टा शिक्षक, स्थायी दरबन्दी कटौती गरीने छ। तर दरबन्दी कटौती हुने विद्यालय र सम्बन्धित शिक्षकहरु बिच मन्जुरी भएमा कनिष्ट बाहेकका शिक्षक समेत दरबन्दी थप हुने विद्यालयमा सरुवा हुन सक्ने छन। कटौती हुने दरवन्दी सम्बन्धमा विद्यालय व्यवस्थापन समितिले अन्य कुनै शिक्षकलाई स्थानान्तरणको लागि सिफारिस गरेमा उक्त विषय मनासिव देखिएमा सम्बन्धित शिक्षकको सहमतिमा अन्य शिक्षकलाई समेत स्थानान्तरण गर्न सकिने छ।

घ) दरवन्दी थपिने विद्यालयलाई आवश्यक पर्ने योग्यता र विषयको शिक्षक समेतलाई समेत ख्याल गरी दरवन्दी सहित शिक्षक व्यवस्थापन दरवन्दी मिलान कार्यदलले गर्ने छ।

ङ) यस कार्यविधिमा अन्य जुनसुकै विषय उल्लेख भएपनि दरवन्दी मिलान र पुनर्वितरण गर्दा साविक प्राथमिक, निम्न माध्यमिक तह र माध्यमिक तह सञ्चालित नगरपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा तहगत रुपमा कम्तिमा १ (एक) स्थायी शिक्षक व्यवस्थापन गरिने छ। यसका लागि निम्न प्रकृया अवलम्वन गरिने छ।

१) नगरपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयको तहगत दरबन्दीको तथ्याङ्क लिने।

२) तहगत रुपमा दुईभन्दा बढी स्थायी दरबन्दी भएका विद्यालयहरूबाट साविक प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तहका बढिमा दुईवटा स्थायी दरबन्दीहरु कटौती गरी

दरवन्दी नभएका विद्यालयमा कम्तिमा १ स्थायी दरवन्दी हुने गरी वितरण गर्ने ।

३) जुन विद्यालयबाट स्थायी दरबन्दी कटौती भएको हो उक्त विद्यालयलाई सम्बन्धित तहको (साविक प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको हकमा विषय हेरी) शिक्षक नियुक्ति गर्नका निम्ति कटौती भएको दरबन्दी संख्या बराबरको नगर अनुदान उपलब्ध गराउने।

४) स्थानान्तरण हुन इच्छुक शिक्षकहरूलाई विद्यालयमा स्थानान्तरण गर्न अनुसूची १ र २ बमोजिम गरिने छ । यसको लागि नगरपालिकाबाट सूचना प्रकाशन हुनेछ ।

५) तोकिएको तह सञ्चालित विद्यालयमा स्थानान्तरण गर्दा स्थानान्तरणमा पर्ने शिक्षकहरू मध्येबाट उच्चतम अङ्क प्राप्त गर्ने शिक्षककलाई योग्यताक्रमको आधारमा निजले छानेको विद्यालयमा स्थानान्तरण गर्ने।

## ६) विद्यालयको स्तर वृद्धिका लागि हुने समायोजन :

आधारभूत र माध्यमिक विद्यालयका रुपमा हाल संचालनमा रहेका तर स्तर वृद्धि गर्न आवश्यक देखिएका र समायोजनका लागि आधार पूरा नभएका विद्यालयका लागि निम्न लिखित विकल्प छनौट गर्न दिइ समायोजन गरिनेछ ।

क) कक्षा १—३ सम्म संचालन हुने प्रारम्भिक विद्यालयका रुपमा स्तर वृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालयले समुदाय र स्थानीय निकायसंगको सहकार्यमा वालविकास केन्द्रको रुपमा संचालन हुने विकल्प छान्न पाउने छन् ।

खं) कक्षा १—५ सम्म संचालन हुने विद्यालयका रुपमा स्तर वृद्धि गर्न आधार पूरा नभएका विद्यालयले कक्षा १—३ सम्मको विद्यालयका रुपमा संचालन हुन पाउनेछन् ।

ग) कक्षा १—८ सम्म संचालन हुने आधारभूत विद्यालयका रुपमा स्तर वृद्धि भइ संचालनमा आउन आधारहरु पुरा नभएका विद्यालयले कक्षा १—५ सम्मको विद्यालयको रुपमा संचालन हुन पाउने छन् ।

घ) कक्षा ९—१० सम्म संचालन हुने माध्यमिक विद्यालयको रुपमा स्तर वृद्धि भई संचालनमा आउन आधार पूरा नभएका विद्यालयले आधारभूत विद्यालय (कक्षा वाल विकास- कक्षा ८) को रुपमा संचालन हुन पाउने छन् ।

ङ) कक्षा ११—१२ संचालन गरेका विद्यालयले न्यून्तम आधारहरु पूरा हुन नसकेमा कक्षा ९—१० संचालन गर्न पाउने छन ।

## ७) समायोजन हुने वा गाभिएका विद्यालयको नामाकरण :

क) दुई वा सो भन्दा वढी विद्यालयहरु आपसमा गाभिएर नयाँ ठाउँमा विद्यालय स्थापना हुने भएमा

राष्ट्रियता, स्थानीयता र ऐतिहासिकता,धार्मीकता झल्किने साविकको नाम वा नयाँ नाम राख्न सकिने छ। तर नियमावलीको नियम १५४को विद्यालयको नामाकरण सम्बन्धी व्यवस्था अनुसार कुनै व्यक्ति,स्मारक वा ऐतिहासिक चिजवस्तुको नामवाट विद्यालयको नाम राख्नु पर्ने छ।

ख) समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवाला समुदायले स्थानीय निकाय र नगरपालिकाको सिफारिसमा गाभिएको विद्यालय भवनमा शिशु कक्षा, वैकल्पिक शिक्षा, सामुदायीक सिकाइ केन्द्र वा वाचनालय वा स्थानीय तहको आवश्कता अनुसारका अन्य कार्यालय वा कार्यक्रमहरु संचालन गर्न सकिने छ।

ग) समायोजन भै संचालनमा नरहेका विद्यालय भएको स्थानमा भविष्यमा पुन विद्यालय संचालनका लागि न्यूनतम विद्यार्थी संख्या भएमा र विद्यालय आवश्यक देखिएमा विद्यालय संचालन गर्न नगरपालिकाले अनुमति दिन सक्नेछ।

## परिच्छेद –३

## भौतिक, शैक्षिक, व्यवस्थापन र अनुदान सम्वन्धी व्यवस्था

### ८) विद्यालय समायोजन पछि गर्नु पर्ने भौतिक व्यवस्थापन:

क) विद्यालय समायोजन वा गाभिए पछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठयसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्ने छ।

ख) विद्यालय समायोजन वा गाभिए पछि गाभिएको विद्यालय रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र माल सामानको विवरण तयार गरी त्यस्ता माल सामानको सालाखाला न्यूनतम मूल्य कायम गरी आवश्यक कारवाहीका लागि विद्यालय व्यवस्थापन समितिले कायम गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नु पर्ने छ।

ग) विद्यालय समायोजन वा गाभिए पछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन, व्यावसायिक खेती गरिएको रहेछ भने त्यस्को निरन्तरताको लागि गाभिएको विद्यालयले योजना सहित पेश गर्नु पर्नेछ।

घ) अनुमति वा स्वीकृति रद्द गरिएको वा वन्द गरिएको विद्यालयको चल अचल सम्पत्ति नगर शिक्षा समितिको सिफारीसमा नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउने छ।

### ९) प्रोत्साहन अनुदान दिइने :

क) दुई वा सो भन्दा वढी विद्यालय एक आपसमा समायोजन भइ गाभिएमा त्यसरी गाभिएका विद्यलायको भौतिक एवम् शैक्षिक सुविधा व्यवस्थापनको लागि प्रोत्साहन अनुदान उपलव्ध गराइने छ।

ख) विद्यालय समायोजन वा गाभिए पछि उक्त विद्यालय भवन शौचालय, फर्निचर आदि निर्माण गर्न आवश्यकताका आधारमा प्राथमिकता दिइने छ ।

## १०) विद्यालय समायोजन पछि गर्नु पर्ने शैक्षिक व्यवस्थापन:

क ) विद्यालय समायोजन पछि वा तह वा कक्षा घटाइए पछि विद्यायलयमा आवश्यकता भन्दा वढी भएका शिक्षकलाई नगरको पुल दरवन्दीमा राखी अर्को व्यवस्था नभए सम्मको लागि समायोजन भएकै वा गाभिएकै विद्यालयमा काम काज गर्न लगाउन सकिने छ ।

ख) गाभिएको विद्यालयमा आवश्यक भन्दा बढी शिक्षक संख्या रहन गएमा नजिकको पायक पर्ने विद्यालयमा आवश्यकताका आधारमा नगरशिक्षा समितिको सिफारिसमा पदस्थापना गर्न सकिने छ ।

## ११) विद्यालय समायोजन पछि गर्नु पर्ने अन्य व्यवस्थापन :

क ) विद्यालय समायोजन पछि समायोजन भइ जाने विद्यालयको कर्मचारी समेत स्वत समायोजन भएको मानिनेछ । समायोजन हुने विद्यालयको कर्मचारीको व्यवस्थापन अर्को व्यवस्था नहुन्जेल सम्म गाभिएरजाने विद्यालयमा नै करारमा व्यवस्थापन गर्ने र सो अनुदान कोटा नगरपालिकाको पुलमा राखिनेछ ।

## परिच्छेद ४

## विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्वन्धी कार्यकालागि नगरपालिका अन्तरगतका निकायहरुको काम तथा भूमिका

### १२) नगर शिक्षा समितिको कार्य तथा भूमिका:

क ) विद्यालय समायेजन तथा दरवन्दी मिलान कार्यक्रम कार्यान्वयनका लागि आफनो नगरपालिका भित्रका विद्यालयहरुको अवस्था अध्ययन गरी विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्वन्धमा वैठक,छलफलर अन्तरक्रिया कार्यक्रम संचालन गरी सुझावहरु संकलन गर्ने ।

ख ) विद्यालय नक्शाङ्कनका आधारमा तोकिएको स्थानमा विद्यालय संचालन गर्ने गराउने कार्यका लागि सम्बन्धित सरोकारवाला संगको सहकार्यमा विद्यालय रहने स्थान निर्धारण गर्ने त्यस्तो स्थानको जग्गाको स्वामित्व विद्यालयका नाममा कायम गर्न निर्णय गर्ने ।

ग) विद्यालय व्यवस्थापन समिति, सरोकारवाला,नगर भित्रका कार्यरत प्र. अ. तथा शिक्षक,विद्यालयहरु संग छलफल परामर्श गरी स्थानीय सरकार संचालन ऐन, नगर शिक्षा ऐन, शिक्षा नियमावली र यो

कार्यविधिको मातहतमा रहि विद्यालय समायोजन तथा दरवन्दी मिलानको कार्य गर्ने ।

## १३) नगरपालिकाको कार्य तथा भूमिका :

क) विद्यालय समायोजन तथा दरवन्दी मिलानका लागि तयार पारीएको कार्यविधि स्वीकृत गर्ने ।

ख ) विद्यालय समायोजन तथा दरवन्दी मिलानका दरवन्दी मिलान समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

ग) दरवन्दि मिलानको लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।

घ ) विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्यको अनुगमन मूल्यांकन गरी आवश्यक सुझाव दिने ।

ङ ) विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्यको लागि आवशकता अनुसार सहजीकरण गर्ने ।

## १४) विद्यालय व्यवस्थापन समितिको कार्य तथा भूमिका :

क) विद्यालय समायोजन तथा तह वा कक्षा घटाउने निर्णय गर्ने वा नगरशिक्षा समितिलाई रायपेश गर्ने तथा विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्वन्धी कार्यमा सहयोग गर्नु विद्यालय व्यवस्थापन समितिको दायित्व हुनेछ ।

ख) दरवन्दी मिलान सन्दर्भवाट विद्यालयमा सरुवा भइ आएका शिक्षकलाई हाजीर गराउने वा कटौती भइ जाने शिक्षकलाई रमाना दिइ सहयोग गर्ने ।

ग) विद्यालय समायोजनबाट समायोजित विद्यालयको कक्षा संचालनका साथै अन्य व्यवस्थापकीय कार्य गर्ने गराउने ।

# परिच्छेद – ५
# विविध

## १५) शिक्षक स्थानान्तरण भएको स्थानमा जानपुर्ने:–

यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु तोकिएको समय भित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनुपर्नेछ ।

## १६) विद्यालयले अनिवार्यरुपमा हाजिर गराउनुपर्ने:–

विद्यालय समायोजन तथा दरवन्दी मिलानको सिलसिलामा स्थानान्तरण भई आएका

शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनुपर्नेछ।

**१७) प्रधानाध्यापकको जिम्मेवारीः**

विद्यालय समायोजन तथा दरवन्दी मिलानका क्रममा समायोजन भै विद्यालयमा प्राप्त भएको नगद तथा जिन्सी सामग्रीको व्यवस्थापन एवम् संरक्षण गर्ने र शिक्षक व्यवस्थापनको क्रममा स्थानान्तरण भै आएका शिक्षकलाई हाजिर गराउने र स्थानान्तरण भैजाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ।

**१८)नगरपालिका भित्र हुने:**

विद्यालय समायोजन तथा दरवन्दी मिलान गर्दा यो कार्यविधि नगरपालिका भित्रको विद्यालयमा मात्र लागु हुनेछ।

**१९) बाझिएमा अमान्य हुनेः–**

यस कार्यविधिमा व्यवस्था भएकाविषय कानुन सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**२०) खारेजी तथा बचाउ:विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्बन्धी कार्यविधि, २०७७ खारेज गरिएको छ। साथै यस अघि भएका दरवन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्य "विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्वन्धी कार्य विधि २०८०"** बमोजिम भएको मानिने छ।

**२१) ब्याख्या:**

यस कार्यविधिमा भएको व्यवस्थाको व्याख्यानगरकार्यपालिकाबाट हुनेछ। कार्यपालिकाको व्याख्या नै अन्तिम व्याख्या हुनेछ।

**अनुसूची १**

**स्थानान्तरणको लागि मापदण्ड/आधार :**

सामुदायिक विद्यालयमा साविक प्राथमिक, नि.मा. तह र मा.वि. तहमा सम्बन्धित तहको कम्तीमा १(एक) स्थायी शिक्षक स्थानान्तरण मापदण्ड देहाय बमोजिम हुनेछ।

१) नगरपालिका अन्तरगत सञ्चालित कुनै सामुदायिक विद्यालय तोकि इच्छुक शिक्षकबाट विद्यालय विकास प्रस्ताव पेश गर्न सूचना प्राकाशन गरिनेछ।

२) विद्यालय छनोटका लागि तोकिएको मूल्याङ्कनका आधारको पूर्णाङ्क ५० हुनेछ।

**प्रधानाध्यापक छनौटका आधारहरू**

| क्र.सं. | छनौटका आधारहरू | अङ्क | कैफियत |
|---|---|---|---|
| **५.** | **विद्यालय विकास प्रस्ताव** | ५० | |
| | (क) विद्यालय विकास प्रस्ताव | ४० | |
| | (ख) विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण | १० | |
| जम्मा | | ५० | |

# अनुसूची २

## विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समितिः

सामुदायिक विद्यालयमा सम्बन्धित तहको स्थायी शिक्षक स्थानान्तरणको लागि सिफारिस गर्न देहायको छनोट समिति रहने छ।

| | |
|---|---|
| (क)प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| (ख) सामाजिकविकास समितिको संयोजक | सदस्य |
| (ग) नगर प्रमुखबाट नगरक्षेत्र भित्रका शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरेका व्यक्तिवाट मनोनित शिक्षाविद् एक जना | सदस्य |
| (घ) नगर शिक्षा समितिका सदस्यहरू मध्येबाट समितिबाट मनोनित एक जना | सदस्य |
| (ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्यसचिव |

मुल्यांकन समितिले आवश्यकता अनुसार विज्ञ सेवा लिन सक्ने छ।

आज्ञाले
ध्रुब प्रसाद नेपाल
प्रमुख प्रशासकीय अधिकृत
बुद्धभूमि नगरपालिका, कपिलवस्तु